# ताादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खरानीटार, नुवाकोट
स्था: २०७३

बागमती प्रदेश, नेपाल


मिति: २०८३।०१।१६

पत्र संख्या: ०८२।८३ (प्रशासन)

च.न.: १९९३

श्री करिश्मा भट्ट (कर्मचारी संकेत नं. २२०६३५)
अ.न.मी. सहायक चौथो

**विषय : सफाई पेस गर्ने सम्वन्धमा।**

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ काठमाडौंको च.न. १६/स.मि./१७१५ (१८८१), मिति २०७७/१२/३१ गतेको पत्रानुसार यस कार्यालयमा समायोजन मिलान भई आउनु भएको तपाई **अ.न.मी. सहायक चौथो श्री करिश्मा भट्ट (कर्मचारी संकेत नं. २२०६३५)** नियमानुसार मिति २०७८/०१/२८ गते देखि यस कार्यालय अर्न्तगत खरानीटार अस्पतालमा हाजिर भई कामकाज गर्दै आउनु भएको र **मिति २०७८/११/०१ देखि मिति २०७९/०३/३२ गते सम्मको घर विदा स्वीकृत** गराई विदामा गएको अभिलेखमा देखिन्छ। तर **विदा सकिए देखी हाल सम्म कार्यालयमा हाजिर भएको देखिदैन**। स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को **दफा ११८ (१ग) मा बिदा स्वीकृत नगराई लगातार नब्बे दिन सम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने** कानुनी व्यवस्था रहेको छ। तपाईले स्वीकृत गरेको घर बिदा सकिने मिति बाट गणना गर्दा **मिति २०७९/०६/२८ गते नै कार्यालयमा लगातार हाजिर नभएको नब्बे दिन** पुग्ने देखिन्छ। मिति २०८२/१२/१९ गते (Thu, 2 Apr 2026 at 13:50) हाल आफु युनाईटेड किङडममा बसोवास गर्दै आएको कारण सेवालाई निरन्तरता दिन नसक्ने भएकोले मिति २०७९/०४/०१ गते बाट लागु हुने गरी राजिनामा स्वीकृत गरिदिनु हुन भनी यस कार्यालयको ईमेल मार्फत पठाउनु भएको निवेदन प्राप्त भएको छ। उक्त निवेदनमा तपाईले २०७९/०३/२४ मा आफुले असाधारण विदा/राजिनामा माग गरेको तर बिदा सिफारिस नभएको व्यहोरा उल्लेख गर्नु भएको छ तर सो व्यहोरा पुष्टि हुने कागजात वा निर्णय यस कार्यालयको अभिलेखमा भेटिएन। ऐ. ऐनको दफा ११९ (२) मा बिदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने कर्मचारीलाई हाजिर गराईने छैन र सो अवधिपछी प्राप्त निवेदनको आधारमा कुनै पनी प्रकारको विदा समेत स्वीकृत गरिने छैन भन्ने व्यवस्था रहेकोले हाल तपाईको कुनै बिदा स्वीकृत गर्न नहुने र राजिनामाको लागि निवेदन पनी समय अवधी (नब्बे दिन) पछी मात्र प्राप्त हुन आएकोले उक्त निवेदन माथी कुनै आवश्यक कारवाही नहुने देखिन्छ। तसर्थ **तपाईलाई बिदा स्वीकृत नगराई लगातार नब्बे दिन सम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको कारण ऐ** ऐनको **दफा ११८ (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन** पर्ने देखिएको छ। यदी त्यसो हुन नपर्ने हो भने ऐ. ऐनको दफा १२४ (१) मा भएको व्यवस्था अनुसार **सात (७) दिन भित्र यस सम्वन्धमा आफ्नो सफाई पेस गर्नुहुन** यस कार्यालयको मिति २०८३/०१/१६ गतेको निर्णयानुसार अनुरोध छ।

सुजन शुभ भ्लोन
प्रमुख प्रशासकीय अधिकृत


फोन न ९८५१३११२६२, इमेल: info@tadimun.gov.np, ito.tadimun@gmail.com